## नरहरिनाथ गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड-१ कालीकोट चैत्र २५ गते २०७४ साल

### भाग–१
### नरहरिनाथ गाउँपालिका
### कुमालगाउँ, कालीकोट
### कर्णाली प्रदेश

नेपालको संविधानको धारा २२६ को उपधारा १ बमोजिम नरहरिनाथ गाउँपालिका गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको "**पूर्वाधार विकास ऐन**" सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**प्रस्तावनाः** गाउँपालिकाको क्षेत्र भित्र पूर्वाधार संरचनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन गरी स्थानीय जनतालाई पूर्वाधार सेवा उपलब्ध गराउनको लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नरहरिनाथ गाउँसभाले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम नरहरिनाथ गाउँसभाले यो ऐन बनाएको छ । यो पूर्वाधार विकास ऐन राजपत्रमा प्रकाशित भएको मितिबाट लागु हुने छ ।

# नरहरिनाथ गाउँपालिकाको पुर्वाधार विकास सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४

**प्रस्तावनाः** गाउँपालिकाको क्षेत्र भित्र पूर्वाधार संरचनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन गरी स्थानीय जनतालाई पूर्वाधार सेवा उपलब्ध गराउनको लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नरहरिनाथ गाउँसभाले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम नरहरिनाथ गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "गाउँपालिकाको पूर्वाधार विकास सम्बन्धी ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(ग) ".गाउँपालिका" भन्नाले संविधान बमोजिम स्थापना भएको गाउँपालिका सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनु पर्छ ।

(ङ) "गाउँ सभा" भन्नाले संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको गाउँ सभा सम्झनु पर्छ ।

(च) "पूर्वाधार" भन्नाले यस ऐनमा अनुसूची १ मा उल्लेख भए बमोजिमका बिषयसँग सम्वन्धित पूर्वाधारलाई सम्झनु पर्दछ ।

(छ) "गाउँपालिका" भन्नाले नरहरिनाथ गाउँपालिका सम्झनु पर्छ ।

(ज) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ञ) "मन्त्रालय" भन्नाले संघ तथा प्रदेशको पूर्वाधार हेर्ने मन्त्रालयलाई सम्झनु पर्दछ ।

(ट) "वडा" भन्नाले नरहरिनाथ गाउँपालिकाको वडा सम्झनुपर्छ ।

(ठ) ''समिति" भन्नाले यस ऐनको दफा ४९ बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

(ड) "सभा" भन्नाले नरहरिनाथ गाउँसभालाई सम्झनुपर्छ ।

## परिच्छेद २

## स्थानीय यातायात व्यवस्थापन सम्बन्धी कार्यहरु

३. **स्थानीय सडकहरुको बर्गिकरण** : (१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र सडक बिस्तार गरी यातायात सुविधा उपलब्ध गराउनका लागि आवश्यकता अनुसार सडकहरुको बर्गिकरण र बृहत्तर गूरुयोजना तयार गर्नेछ ।

(२) गाउँपालिकाले स्थानीय सडकहरुको विस्तारका देहाय बमोजिम सडकहरुको बर्गिकरण र प्राथमिकता निर्धारण गरी कार्ययोजना अगाडि बढाउनेछ ।

(क) स्थानीय मुख्य सडक

(ख) ग्रामीण  सडक

(ग) कृषि सडक

(घ) पर्यटकिय मार्ग

४. **मापदण्ड निर्धारण गर्ने** : (१)  गाउँपालिकाले आफ्नो क्षेत्र भित्र निर्माण गरिने सडक तथा यातायात सुविधाहरुको मापदण्ड तयार गर्नेछ ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्रमा पहिले देखि नै सञ्चालनमा रहेका सडकहरुको समेत नक्साङ्कन गरी मापदण्ड निर्धारण गर्न सक्नेछ ।

(३) स्थानीय सडकहरुको अधिकार क्षेत्र (Right of Way) अनुसूची …… बमोजिमको  हुनेछ ।

(४) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र भएका सडकले वहन गर्न सक्ने वजनको हद तोकी त्यस्ता सडकमा त्यसरी तोकिएको हद भन्दा बढी वजनको सवारी चलाउन नपाउने गरी निषेध गर्न सक्छ ।

५. **स्वीकृति नलिई संरचना निर्माण गर्न नपाईने**: (१) यस ऐनको दफा (३) बमोजिमका सडक र सडकका अधिकार क्षेत्र भित्र कसैले सम्बन्धीत अधिकारीको स्वीकृति विना अनधिकृत रुपमा पनि कुनै प्रकारका संरचना निर्माण गर्न वा व्यवसाय सञ्चालन गरेमा यस ऐन बमोजिम त्यस्ता संरचना भत्काईने अधिकार गाउँपालिकालाई हुनेछ ।

(२) पहिले देखि चलि आएको कुनै सडकको विस्तार गर्नु परेमा उक्त सडकको दायाँ बायाँ थप जग्गा लिनु परेमा तोकिए बमोजिमको क्षतिपूर्ति दिईने छैन ।

**६. सडकको आवागमनमा बाधा पुऱ्याउने नहुने** : (१) कसैले सार्वजनिक सडकमा कुनै माल वस्तु छोडेको, राखेको वा फालेको कारणबाट त्यस्तो सडकको आवागमनलाई कुनै किसिमले बाधा पुऱ्याएको भए त्यस्तो माल वस्तु हटाउनको निमित्त सरोकारवाला व्यक्तिको नाउँमा गाउँपालिकाले आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेशको अवधिभित्र नहटाएको वा धनी पत्ता नलागेको माल वस्तुलाई सडकको छेउ लगाई राख्न वा आफ्नो कब्जामा राख्ने गरी अन्यत्र लैजान समेत सक्नेछ ।

**७. स्वीकृति लिनु पर्ने** : (१) कसैलाई कुनै कामको निमित्त सार्वजनिक सडक वा सडक सीमा खन्नु वा भत्काउनु परेमा गाउँपालिकाको कार्यालयमा खन्नु भत्काउनु गर्ने कारण सहित निवेदन दिनु पर्दछ । यसरी प्राप्त निवेदन बमोजिम खन्नु भत्काउनु पर्ने नपर्ने जाँच बुझ गरी खने भत्काएको मर्मत गरी पुरानै अवस्थामा ल्याउन आवश्यक पर्ने रकम सम्बन्धीत सरोकारवालाबाट धरौटि लिएर मात्र गाउँपालिका कार्यालयले स्वीकृति प्रदान गर्न सक्नेछ ।

## परिच्छेद ३
## जलस्रोतहरुको संरक्षण, उपयोग र मुहान दर्ता

**८. जलश्रोतको उपयोग** : (१) गाउँपालिका भित्र रहेका भूमिगत वा सतही जलश्रोतको अनधिकृत प्रयोगलाई निषेध गरी सो को संरक्षण गर्ने दायित्व गाउँपालिकाको हुनेछ ।

(२) जलश्रोतको उपयोग गर्दा देहाय बमोजिमका उपयोगका लागि प्राथमिकता दिईने छ :-

क) पिउने पानी
ख) सिँचाई
ग) जलविद्युत
घ) आमोद प्रमोदजन्य क्रियाकलाप

**९. अनुमति लिनु पर्ने** : (१) यस ऐन बमोजिम अनुमति नलिई कसैले पनि व्यक्तिगत प्रयोजनको लागि बाहेक जलश्रोतको उपयोग गर्ने छैन् ।

(क) सार्वजनिक वा समूहगत रुपमा खानेपानी वा अन्य घरेलु प्रयोजनको लागि उपयोग गर्न,

(ख) सामूहिक रुपमा जग्गाको सिंचाई गर्न,

(ग) व्यवसायिक वा व्यापारिक प्रयोजनको लागि प्रयोग गर्न,

(घ) जलक्रिडा जस्ता मनोरंजनात्मक क्रियाकलाप सञ्चालन गर्न,

(ङ) व्यवसायिक रुपमा माईक्रो हाईड्रो, पानी घट्ट गर्ने,

(च) तोकिए बमोजिमको अन्य आवश्यक कार्यगर्न ।

(२) जलश्रोतको सामूहिक लाभ, व्यवसायिक वा व्यापारिक प्रयोगको लागि जलश्रोतको मुहान तोकिए बमोजिम स्थानीय जलश्रोत समितिमा दर्ता गराउनु पर्दछ ।

(३) उपदफा (१) मा जे सुकै लेखिएको भएतापनि नेपाल सरकारको जलश्रोतको उपयोगको राष्ट्रिय प्राथमिकता आयोजना सञ्चालन गर्न यस ऐनले बाधा पुऱ्याउने छैन् ।

१०. **खानेपानी व्यवस्थापन सम्बन्धी व्यवस्था** :- (१) गाउँपालिका क्षेत्र भित्र गाउँपालिका आफैले वा उपभोक्ता संस्था मार्फत खानेपानी सेवा उपलब्ध गराउनेछ ।

११. **जल उपभोक्ता संस्थाको गठन** : (१) सामूहिक लाभको लागि जलश्रोतको उपयोग गर्न चाहने व्यक्तिहरुले जल उपभोक्ता संस्थाको गठन गर्न सक्नेछन् । उपभोक्ता संस्थामा कम्तिमा ९ र बढीमा १५ जना सदस्यहरु रहन सक्नेछन । उपभोक्ता संस्थामा ३३ प्रतिशत महिला सहितको समानुपातिक प्रतिनिधित्व हुनु पर्दछ ।

(२) यसरी गठन गर्न चाहने समूहले देहायको विवरणहरु सहित स्थानीय जलश्रोत समितिमा निवेदन दिनु पर्दछः-

(क) उपभोक्ता संस्थाको विधान

(ख) मुहान दर्ता भईसकेको भए, दर्ताको प्रमाण र नभएको भए श्रोतको विवरण

(ग) सेवा क्षेत्र र लाभान्वित जनसंख्या

(घ) परियोजना विकासका लागि आवश्यक बजेट र प्राप्त हुने श्रोत

(ङ) परियोजनाबाट पर्न सक्ने सामाजिक, वातावरणीय प्रभाव

(३) उपदफा (२) बमोजिम पेश भएको निवेदन उपर स्थानीय जलश्रोत समितिमा छलफल र जाँचबुझ गरी उपभोक्ता संस्था दर्ता गर्नेछ ।

१२. **नविकरण, बार्षिक साधारण सभा र अडिट सम्बन्धी व्यवस्थाः**
(१) जल उपभोक्ता संस्थाले प्रत्येक आर्थिक बर्षको ३ महिना भित्रमा संस्थाको अडिट विवरण सहित नविकरणको लागि स्थानिय जलश्रोत समिति समक्ष पेश गर्नु पर्दछ ।

(२) यसरी तोकिएको समय भित्र उपभोक्ता संस्थाले संस्थाको निर्वाचान, बार्षिक साधारण सभा र नविकरण नगराई सेवा सञ्चालन गरेको पाईएमा स्थानीय जलश्रोत समितिले संस्थाको दर्ता रद्द समेत गर्न सक्नेछ ।

(३) यस ऐनको दफा ११ मा जे सुकै लेखिएको भएतापनि यस ऐन अघिनै नियमानुसार जल उपभोक्ता संस्था गठन गरी खानेपानी सेवा उपलब्ध गराईरहेका र तोकिए बमोजिम जल रोयल्टि बुझाईरहेका उपभोक्ता संस्थाले स्थानीय जलश्रोत समितिको कार्यालयबाट अनुमोदन गराई सेवालाई निरन्तरता दिन सक्नेछन् ।

१३. **स्थानीय जलश्रोत समिति सम्बन्धी व्यवस्था :** (१) गाउँपालिका भित्र रहेका जलश्रोतको उपयोगको लागि देहाय बमोजिमका पदाधिकारीहरु रहेको एक स्थानीय जलश्रोत समिति गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन् :-

(क) स्थानीय तह प्रमुख - अध्यक्ष

(ख) कार्यपालिकाबाट मनोनित दलित महिला सहित तिन जना - सदस्य

(ग) जलश्रोतको प्रतिनिधि - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

१४. **स्थानीय जलश्रोत समितिको बैठकः** (१) स्थानिय जलश्रोत समितिको बैठक अध्यक्षले तोकेको मिति र समयमा बस्नेछ । अध्यक्षको अनुपस्थितिमा सदस्यहरु मध्येबाट जेष्ठ व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(२) एक भन्दा बढी गाउँपालिकाको क्षेत्राधिकारमा पर्ने जलश्रोतको उपयोग बिषयमा प्रदेश संग समन्वय गरी कार्य कार्य अगाडि बढाईनेछ ।

१५. **जलस्रोतको उपयोगको अनुमतिपत्र सम्बन्धी व्यवस्था :** (१) एक मेघावाटसम्मको जलविद्युत उत्पादन वा अन्य कुनै प्रयोजनको

लागि जलश्रोतको उपयोग गर्न चाहने व्यक्ति वा संस्थाले सो को अनुमतिपत्र लिनको लागि देहायका विवरणहरु खुलाई स्थानिय जलश्रोत समितिमा निवेदन दिनु पर्दछ ।

(क) परियोजनाको विवरण,

(ख) परियोजना रहने स्थानको नक्शा (मुख्य मुख्य संचरना समेत देखिने),

(ग) पानीको स्रोत र उपयोग हुने पानीको परिमाण,

(घ) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्या र किसिम,

(च) परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित कुल अवधि र लागत

(घ) परियोजना सञ्चालनमा पर्ने वातावरणिय जोखिमहरु (यस ऐन बमोजिम वातावरणिय प्रभाव पर्ने परियोजनाको हकमा वातावरणीय प्रभाव मूल्याँकन अध्ययन प्रतिवेदन)

(२) उपदफा (१) बमोजिम परेको दरखास्तमा तोकिएको अधिकारी वा निकायले आवश्यक जाँचबुझ गरी गराई दरखास्त परेको मितिले जलस्रोत सर्वेक्षणको अनुमतिपत्रको हकमा तीस दिनभित्र र जलस्रोत उपयोगको अनुमतिपत्रको हकमा एकसय वीस दिनभित्र तोकिए बमोजिमको ढाँचामा आवश्यक शर्तहरू तोकी दफा ७ को उपदफा (१) मा उल्लिखित प्राथमिकताक्रम अनुसार दरखास्तवालालाई अनुमतिपत्र दिनुपर्नेछ ।

३) दफा ४ को उपदफा (२) बमोजिम हुनेमा बाहेक यो ऐन प्रारम्भ हुनुभन्दा अगावैदेखि जलस्रोतको उपयोग गरिरहेको व्यक्ति वा सङ्गठित संस्थाले पनि तोकिएको विवरण सहित यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र तेकिएको अधिकारी वा निकाय समक्ष अनुमतिपत्रको लागि दरखास्त दिनुपर्नेछ ।

४) उपदफा (३) बमोजिम परेको दरखास्तमा तोकिएको अधिकारी वा निकायले आवश्यक जाँचबुझ गरी दरखास्त परेको मितिले साठी दिनभित्र तोकिए बमोजिमको ढाँचामा अनुमतिपत्र दिनुपर्नेछ ।

(५) अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग वापत स्थानिय सरकारलाई तोकिए बमोजिमको दस्तुर वा वार्षिक शुल्क बुझाउनु पर्नेछ ।

६) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमतिपत्र विक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा तोकिएको अधिकारी वा निकायबाट तोकिएबमोजिम स्वीकृति लिनु पर्नेछ ।

## परिच्छेद ४
## स्थानीय खानेपानी बोर्ड गठन सम्बन्धी व्यवस्था

**१६. स्थानीय खानेपानी बोर्ड गठन गर्न सक्ने** : (१) गाउँपालिका क्षेत्रमा खानेपानी तथा सरसफाई सेवालाई नियमित, व्यवस्थित, गुणस्तरयुक्त र सुलभ बनाई भरपर्दो सेवा प्रदान गर्न गराउन स्थानीय खानेपानी बोर्डको स्थापना गर्न सक्नेछ।

(२) संघीय सरकार, संस्थान वा प्रदेश सरकार र स्थानीय उपभोक्ता संस्थाको लागत सहभागितामा निर्माण भई सञ्चालन भएको ७०० भन्दा बढी धाराहरुबाट खानेपानी सेवा प्रवाह गरिरहेका कुनै प्रणाली वा सेवा यस ऐन बमोजिम स्थानीय खानेपानी बोर्ड बनाई सेवा प्रवाह गर्न सक्नेछन्। यस प्रयोजनको लागि एक भन्दा बढी उपभोक्ता संस्थाहरुले संयुक्त रुपमा बोर्ड बनाई सञ्चालन गर्न सक्नेछन्। यसरी बोर्ड गठनको लागि देहाय बमोजिमका विवरणहरु सहित गाउँपालिका कार्यालयमा निवेदन दिनु पर्दछ :-

(क) खानेपानी सेवा सञ्चालन तथा व्यवस्थापन गरिने भौगोलिक क्षेत्र,

(ख) सेवा सञ्चालन तथा व्यवस्थापन गरिने क्षेत्रभित्र रहेको वा सो सँग सम्बन्धित पानीको स्रोतको स्थिति,

(ग) उपभोक्ताको अनुमानित संख्या तथा सेवा मागको विवरण,

(घ) सेवा सञ्चालन गर्नको लागि लाग्ने अनुमानित लागत,

(ङ) सेवा सञ्चालन, व्यवस्थापन, सोको मर्मत सम्भार तथा सुधार वा सेवा विस्तारको लागि तयार गरिएको दीर्घकालीन योजना,

(च) सेवालाई प्रभावकारी र गुणस्तरयुक्त बनाउन तयार गरिएको कार्य योजना,

(छ) बोर्ड आफैले सेवा सञ्चालन गर्ने वा अन्य व्यक्ति वा संस्थामार्फत सेवा सञ्चालन गराउने हो सो सम्बन्धी व्यहोरा,

(ज) कुनै सरकारी निकायले सञ्चालन गरिरहेको सेवा प्रणालीलाई बोर्डमा हस्तान्तरण गरी सेवा सञ्चालन गर्ने भए त्यस्तो सेवा प्रणालीसँग आबद्ध सम्पत्ति तथा दायित्व

(झ) सञ्चालन तथा व्यवस्थापनका प्रस्तावित मोडेल

(ञ) अन्य आवश्यक बिषयहरु

(३) उपदफा (२) बमोजिम परेका निवेदन उपर जाँचबुझ गर्दा त्यस्तो बोर्ड गठन गर्नु आवश्यक देखिएमा गाउँपालिका कार्यालयले निवेदकको मागबमोजिम बोर्ड गठन गर्न सक्नेछ ।

१७. **बोर्ड स्वशासित संस्था हुने**: (१) बोर्ड अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ ।

(२) बोर्डको काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) बोर्डले व्यक्तिसरह चलअचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) बोर्डले व्यक्तिसरह आफ्नो नामबाट नालिस उजुर गर्न र बोर्ड उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

१८. **बोर्डको काम, कर्तव्य र अधिकार** : यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त बोर्डको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) सेवा प्रणाली प्राप्त, निर्माण, विस्तार, सुधार तथा पुनर्स्थापना गर्ने गराउने,

(ख) सेवाको उपयोगसम्बन्धी नीति बनाई कार्यान्वयन गर्ने गराउने,

(घ) खानेपानीको स्रोत, वितरण तथा सरसफाई सम्बन्धमा अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने गराउने,

(ङ) सेवा प्रणालीसम्बन्धी अल्पकालीन तथा दीर्घकालीन योजना तयार गरी कार्यान्वयन गर्ने गराउने,

(च) सेवा सञ्चालनको लागि आवश्यक पर्ने लगानी निश्चित गरी सोको योजना तयार गर्ने र आर्थिक स्रोतको व्यवस्था गर्ने गराउने,

(छ) सेवाको विस्तार तथा विकासका लागि आवश्यक पर्ने रकमको स्रोत पहिचान गरी प्राप्त गर्ने,

(ज) गुणस्तरयुक्त र प्रभावकारी सेवा प्रदान गर्न आवश्यक प्रबन्ध गर्ने,

(झ) उपभोक्तालाई प्रदान गर्ने सेवाबापत निर्धारित महसुल असूल गर्ने गराउने,

(ञ) सेवा प्रदायकले सेवा प्रदान गर्दा कुनै उपभोक्तालाई पीरमर्का पर्न गएमा सोउपर सुनुवाई गरी उपयुक्त उपचार दिने,

(ट) सेवा सञ्चालनका लागि आवश्यक पर्ने तोकिए बमोजिमका अन्य काम गर्ने ।

**१८. खानेपानी महसूल निर्धारणः** (१) खानेपानीको महसूल निर्धारण गर्नको लागि देहायका सदस्यहरु भएको महसूल निर्धारण समिति गठन गर्नेछः-

(क) स्थानीय तह प्रमुख - संयोजक

(ख) कार्यपालिकाबाट मनोनयन एक जना - सदस्य

(ग) खानेपानी शाखा प्रमुख - सदस्य सचिव

## परिच्छेद-५

## भवन निर्माण तथा शहरी विकास सम्बन्धी कार्यहरु

**२०. स्वीकृति नलिई निर्माण तथा विकास गर्न नहुनेः** (१) गाउँपालिका क्षेत्र भित्र व्यवस्थित, सुरक्षित र योजनाबद्ध विकासका लागि कसैले पनि गाउँपालिकाबाट स्वीकृति नलिई कुनै नयाँ भवन बनाउने, पुरानो भवन भत्काई पुनः निर्माण गर्ने, तला थप गर्ने, मोहोडा फेर्ने वा साविकको भवनमा झ्याल, ढोका, बार्दली, कौशी, दलान आदि थपघट गरी बनाउने वा सोसंग सम्बन्धित गर्नु गराउनु हुदैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि गाउँपालिकाले भवन निर्माण सम्बन्धी निर्देशिका र नम्र्स तयार गर्नेछ।

**२१. भवनको वर्गीकरण** : (१) भवन संहिताको तर्जुमा तथा कार्यान्वयन गर्ने प्रयोजनको लागि भवनलाई देहाय बमोजिम चार वर्गमा वर्गीकरण गरिनेछ :-

(क) “क” वर्ग : विकसित मुलुकमा अपनाइएका भवन संहिता समेतको अनुसरण गरी बनाइने अत्याधुनिक भवनहरू ।

(ख) “ख” वर्ग : प्लीन्थ एरिया एक हजार वर्गफीटभन्दा बढी, भुईंतला सहित तीन तलाभन्दा बढी वा स्ट्रक्चरल स्पान चार दशमलव पाँच (४.५) मीटरभन्दा बढी भएका भवनहरू ।

(ग) “ग” वर्ग : प्लीन्थ एरिया एक हजार वर्गफीटसम्म, भुईंतला सहित तीन तलासम्म वा स्ट्रक्चरल स्पान चार दशमलव पाँच (४.५) मीटरसम्म भएका भवनहरू ।

(घ) “घ” वर्ग : खण्ड (क), (ख) र (ग) मा लेखिएदेखि बाहेकका काँचो वा पाको ईंटा, ढुङ्गा, माटो, बाँस, खर आदि प्रयोग गरी दुई तलासम्म बनाइने साना घर, छाप्राहरु ।

**२२. भवनको डिजाइन तथा नक्सा स्वीकृति सम्बन्धी व्यवस्था** : (१) गाउँपालिका क्षेत्रभित्र दफा २१ मा उल्लिखित “क” वा “ख” वर्गको

भवन निर्माण गर्न चाहनेव्यक्ति, संस्था वा सरकारी निकायले भवन निर्माण गर्न प्रचलित कानून बमोजिम स्वीकृतिको लागि गाउँपालिका समक्ष दरखास्त दिंदा नक्सासाथ डिजाइन समेत पेश गर्नु पर्नेछ ।

(२) "ग" वर्गको भवनको हकमा प्रचलित कानून बमोजिम नक्सा स्वीकृतिको लागि दरखास्त दिंदा भवन संहिता अनुरुपको नक्सा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम पेश गरिएका भवनको नक्सा र डिजाइन भवन संहिता अनुरुप भएको व्यहोरा देहायका व्यक्तिबाट प्रमाणित गराएको हुनु पर्नेछ :-

(क) "क" वर्गको भवनको हकमा सम्बन्धित डिजाइनकर्ताबाट,

(ख) "ख" वर्गको भवनको हकमा नेपाल इञ्जिनियरिङ्ग परिषद्मा दर्ता भएको सिभिल इञ्जिनियर वा आर्किटेक्टबाट,

(ग) "ग" र "घ" वर्गको भवनको हकमा मान्यताप्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग वा आर्किटेक्ट विषयमा कम्तीमा प्रमाणपत्र तह उत्तीर्ण गरेको व्यक्तिबाट ।

२३. **भवन निर्माणको सुपरिवेक्षण गर्न सक्ने** : (१) कुनै व्यक्ति, संस्था वा सरकारी निकायले भवन संहितामा तोकिएको स्तर अनुरुप भवन निर्माण गरे नगरेको सम्बन्धमा गाउँपालिका कार्यालयले सुपरिवेक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सुपरिवेक्षण गर्दा कुनै भवनको निर्माण भवन संहितामा तोकिएको स्तर अनुरुप नभएको पाएमा भवन निर्माण गर्ने सम्बन्धित व्यक्ति, संस्था वा सरकारी निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालन गर्नु सम्बन्धित व्यक्ति, संस्था वा सरकारी निकायको कर्तव्य हुनेछ ।

२४. **एकिकृत बस्ती विकास गर्ने**: कृषियोग्य जग्गाको खण्डिकरणलाई निरुत्साहित गर्न एकिकृत बस्ती विकासका लागि प्रोत्साहित गर्ने नीति गाउँपालिकाले लिनेछ ।

२५. **नयाँ गाउँ निर्माण तथा शहरी विस्तार नीति तर्जुमा**: शहरी क्षेत्रमा बढदो जनघनत्वको चापलाई समानुपातिक वितरणका लागि आवश्यक नीतिको तर्जूमा र पूर्वाधार विकास गरी नयाँ गाउँको निर्माण गर्न सक्नेछ ।

२६. **बस्ति विकासको लागि अनुमति दिने**: (१) गाउँपालिका भित्र कुनै व्यक्ति समूदायले जग्गालाई घडेरी प्रयोजनको लागि विकास गर्ने वा

यसरी विकास गरी बिक्रि गर्ने प्रयोजनबाट बस्ति विकास परियोजना सञ्चालन गर्न चाहेमा गाउँपालिका कार्यालयमा बस्ति विकासको बिस्तृत कार्य योजना सहित अनुमतिको लागि निवेदन दिनु पर्दछ ।

(२) बस्ति वा विकसित घडेरी प्रयोजनको लागि  सडक निर्माण गर्दा त्यस्तो सडकको क्षेत्राधिकार सो सडकको केन्द्र रेखावाट न्यूनतम ३ मिटर कायम गर्नु पर्दछ । तर, प्राविधिक समितिको सिफारिसमा जटिल भौगोलिक क्षेत्रमा सडकको चौडाई केन्द्र रेखावाट न्यूनतम २ मिटर कायम गर्न सकिनेछ। यस्ता नयाँ निर्माण हुने सडक छेउमा भवन निर्माण गर्नको लागि १.५ मिटर जग्गा छोडेर मात्र निर्माण कार्य गर्नु पर्दछ ।

(३) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा मापदण्ड पूरा भएको पाईएमा बस्ति विकासको लागि अनुमति दिन सक्नेछ ।

## परिच्छेद ६

## पूर्वाधार आयोजना निर्माण तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

**२७. पूर्वाधार आयोजना तर्जुमा** : (१) स्थानीय स्तरमा संचालन गरिने पूर्वाधार विकास निर्माण एवं सञ्चालन र मर्मत सम्वन्धी योजना, आयोजना, परियोजना तथा कार्यक्रमहरु सञ्चालन गरी स्थानीय क्षेत्रको विकासका लागि आवधिक र वार्षिक योजना तर्जुमा गर्नु पर्नेछ ।

(२) गाउँपालिकाले आफ्नो योजना कार्यान्वयन गर्ने क्रममा देहाय बमोजिमका कुराहरू समेत खुलाई आयोजनाको सम्भाव्यता अध्ययन गर्नु गराउनु पर्नेछः-

(क) आयोजनाको लक्ष्य,

(ख) आयोजनाबाट फाईदा पाउने जनताको संख्या र फाईदाको किसिम,

(ग) आयोजना सम्पन्न गर्दा लाग्न सक्ने खर्च र श्रोत

(घ) उपभोक्ताहरूबाट प्राप्त हुन सक्ने नगद, वस्तुगत श्रम र त्यस्तै अन्य योगदान,

(ङ) उठ्न सक्ने सेवा शुल्क वा मर्मत सम्भार खर्च

(च) निर्माण, सञ्चालन तथा व्यवस्थापनका स्वरुप

**२८. पूर्वाधार आयोजनाको छनौटः (१)** आयोजनाको छनौट गर्दा देहायका बिषयहरुलाई आधार लिईनेछ :

(क) बढी भन्दा बढी स्थानीय वासिन्दाहरूको लागत सहभागिता हुने

(ख) स्थानीय जनताको सेवा स्तर अभिबृद्धि हुने

(ग) रोजगारीका अवसरहरु श्रृजना हुने

(घ) स्थानीय जनताको सुविधा अभिबृद्धि भई प्रत्यक्ष फाईदा पुग्ने

(ङ) दलित, जनजाती तथा पिछडा बर्गलाई फाईदा गर्ने

(२) उपरोक्त बमोजिम छनौट भएका पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा गाउँपालिकाको श्रोत र प्राप्त हुने अनुदानको आधारमा प्राथमीकता निर्धारण गरी कार्यान्वयन गर्नु पर्दछ ।

**२९. पूर्वाधार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापन :** (१) गाउँपालिका भित्र निर्माण तथा व्यवस्थापन गर्नु पर्ने अनुसूची १ मा उल्लेखित पूर्वाधारहरु निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमका प्रक्रियाहरु अवलम्बन गरिनेछ :-

(क) सोझै वार्ताबाट

(ख) उपभोक्ता संस्था मार्फत

(ग) अमानत मार्फत

(घ) ठेक्का पट्टा मार्फत

(ङ) सार्वजनिक निजी साझेदारी

**३०. लागत अनुमान तयार गर्ने :** (१) स्थानीय निकायले जुनसुकै सार्वजनिक निर्माण, मर्मत, सम्भार वा सुधार कार्यको लागि यस ऐन तथा प्रचलित कानून बमोजिम लागत अनुमान तयार गर्नु पर्नेछ ।

(२) देहायका विषयहरु स्थानीय निकायबाट स्वीकृत गराई सोही आधारमा लागत अनुमान तयार गर्नु पर्नेछ :-

(क) नर्म्स, मापदण्ड, सामान्य विवरण, दररेट

(ख) प्राविधिक विवरण

(ग) तालीम अवलोकन भ्रमण, गोष्ठी संचालनको नर्म्स र दर ।

(३) निर्माण सम्बन्धी लागत अनुमान तथा ठेक्काको प्रयोजनको निमित्त सिमेन्ट, फलामे डण्डी, ईंटा, ढुंगा, कर्कटपाता आदि मुख्य मुख्य निर्माण सम्बन्धी मालसामानको दरभाउ तथा ज्याला दर निर्धारणको लागि प्रचलित नेपाल सरकारको मापदण्ड प्रदेश सरकारको दरभाउ तथा स्थानीय तहमा निर्वाचन भएकोलाई आधार लिईनेछ ।

**३१. लागत अनुमान स्वीकृत गर्ने :** (१)

प्राविधिकहरुको संयोजकत्वमा लागत अनुमान तयार गरी प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गरी कार्यान्वयन गरिनेछ ।

**३२. निर्माण, मर्मत सम्भार वा सुधार गर्ने व्यवस्थाः** (१) स्थानीय निकायको जुनसुकै सार्वजनिक निर्माण, मर्मत सम्भार वा सुधार कार्य स्वीकृत लागत अनुमान र बजेटको परिधिभित्र रही अमानत, ठेक्का वा घटाघट वा उपभोक्ता समितिबाट गर्न वा गराउन सकिनेछ ।

## परिच्छेद-७

## सार्वजनिक निजी साझेदारीमा सञ्चालन गर्न सक्ने

**३३. सार्वजनिक निजी साझेदारीमा पूर्वाधारको विकास गर्न सक्ने :** (१) यस ऐन बमोजिम कुनै व्यक्ति, स्थानीय संस्था वा कम्पनी संग गाउँपालिकाले खानेपानी, विद्युत, सडक, सरसफाई संग सम्बन्धीत संरचना वा पूर्वाधारहरुको निर्माण, सञ्चालन तथा व्यवस्थापन, सार्वजनिक निजी साझोदारीमा गर्न सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि गाउँपालिकाले पूर्वाधारको अवस्था, आवश्यकता र उपयोगिताको आधारमा देहाय बमोजिमका विभिन्न मोडेलहरु अवलम्बन गरी नीजि साझेदारसंग संझौता गर्न सक्नेछ :-

(क) सञ्चालन तथा व्यवस्थापन

(ख) निर्माण, सञ्चालन तथा हस्तान्तरण

(ग) निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरण

(घ) लिज, कन्सेसन वा अन्य

**३४. प्रस्ताव आव्हान गर्न सक्ने** : (१) गाउँपालिकाले दफा (३४) बमोजिम पूर्वाधार संरचनाहरुको निर्माण वा मौजुदा संरचनाहरुको सञ्चालन तथा व्यवस्थापनका लागि मनसायपत्र वा प्रस्ताव आव्हान गर्न सक्नेछ ।

(२) दफा ३५ को उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्ति, संस्था वा नीजि सञ्चालकले साझेदारीको स्वरुपको गहनताको आधारमा देहायका विवरणहरु खोलि प्रस्ताव पेश गर्नु पर्दछ :-

(क) निर्माण गर्नु पर्ने वा सञ्चालन गर्नु पर्ने पूर्वाधारको विवरण

(ख) अनुमानित लागत

(ग) बित्तिय श्रोत

(ग) वातावरणीय प्रतिवेदन (आवश्यक भएको अवस्थामा)

(घ) कार्यान्वयनका विवरण

(ङ) परियोजना कार्यान्वयन गर्दा सम्भावित जोखिम र जोखिम न्यून गर्ने प्रस्तावित उपायहरु,

च) डिजाईन सहितको आवेदन माग गरिएको भए परियोजनाको डिजाईन

(छ) प्रस्तावित शुल्क र लिज अवधी

**३५. प्रस्ताव छनौट र संझौता** : (१) प्राप्त भएका प्रस्ताव मूल्याँकनका लागि निम्नानुसारका आधारहरु लिईनेछः

(क) पूर्वाधारबाट उपलब्ध हुने सुविधाको स्तर र गुणस्तर

(ख) प्रस्तावित निजी लगानी र गाउँपालिकाबा अपेक्षित सहयोग रकम

(ग) सेवा शुल्क र रोयल्टि रकम

(घ) लिज अवधी

(ङ) प्रविधीको नौलोपन, स्थानीय रोजगारीको अवसर बृद्धि ईत्यादि

(२) उपदफा (१) मा उल्लेखित आधारहरुबाट उपयुक्त देखिएको प्रस्तावक संग गाउँपालिकाले साझेदारी संझौता गर्न सक्नेछ ।

## परिच्छेद–८

## विवाद समाधान

**३६. विवादको समाधान** : (१) यस ऐन अन्तर्गत गरिएका संझौताहरुको कार्यान्वयनको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा पक्षहरूले आपसी बार्ताबाट त्यस्ता विवादहरू समाधान गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम वार्ताबाट विवाद समाधान हुन नसकेमा पक्षहरुले प्रचलित कानुन बमोजिम स्थानीय न्यायिक समितिमा निबेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निबेदन पर्न आएमा स्थानीय न्यायिक समितिले पैंतिस दिन भित्र मेलमिलापको माध्यमबाट विवादको टुंङ्गो लगाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम भएको विवादको टुंङ्गो उपर चित्त नवुझ्नेपक्षले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम ३५ दिनभित्र सम्वन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

(५) उपदफा (३) बमोजिम मेलमिलापबाट विवाद समाधान हुन नसकेमा पक्षहरुले प्रचलित कानुन बमोजिम मध्यस्थता सम्बन्धी कारवाही अगाडी बढाउन समेत सक्नेछन् ।

(६) मध्यस्थता सम्बन्धी कारवाही अगाडी बढाउँदा मध्यस्थकर्ताको नाम करारमा नै उल्लेख भएकोमा सोही बमोजिम हुनेछ ।

(७) उपदफा (६) बमोजिम करारमा नाम उल्लेख नभएकोमा पक्षहरूका प्रतिनिधि, स्थानीय तहका प्रतिनिधि वा स्थानीय तहबाट तोकिएका बिषयविज्ञ वा मेलमिलापकर्ता सहितको मध्यस्थता समितिको गठन गरिनेछ ।

(८) उपदफा (७) बमोजिम मध्यस्थता चयनको लागि दुबै पक्षहरूबाट अनुरोध भई आएमा सम्वन्धित व्यक्ति वा कार्यालयले अनिवार्य रूपमा सात दिनभित्रमा लिखित सहमति वा असहमति दिनु पर्नेछ ।

(९) मध्यस्थता समितिले उजुरी परेको सात दिनभित्र वार्ताद्वारा विवादको समाधान गर्नु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिम विवाद समाधान हुन नसकेमा सम्वन्धित पक्षलाई उजुरी उपर सात दिनको म्याद दिई प्रतिवाद गर्ने मौका दिनु पर्नेछ ।

(११) उपदफा (१०) बमोजिमको समयावधिभित्र सम्वन्धित पक्षले प्रतिवाद गरी वा नगरी बसेमा सो व्यहोरा उल्लेख गरी मध्यस्थता समितिले थप सात दिनभित्रमा आफ्नो निर्णय दिनु पर्नेछ ।

(१२) उपदफा (११)बमोजिम मध्यस्थता समितिद्वारा गरिएको निर्णय अन्तिम हुनेछ ।

(१३) यस ऐन बमोजिम मध्यस्थता समितिद्वारा गरिएको निर्णय उपर चित्त नवुझ्ने पक्षले मध्यस्थता ऐन, २०५५ को म्यादभित्रै सम्बन्धित उच्च अदालतमा निवेदन दिन सक्नेछ ।

(१४) मध्यस्थता समितिको अन्य कार्यविधि करारमा उल्लेख भएकोमा सोही बमोजिम र अन्यका हकमा मध्यस्थता समितिले तोके बमोजिम हुनेछ ।

(१५) मध्यस्थकर्ताले पारिश्रमिक र सुविधा पक्षहरूबाट लिन सक्नेछन् ।

३७. **म्याद सम्बन्धमा** : यस ऐन बमोजिमको विवादमा पक्षको काबु वाहिरको परिस्थिति परी यस ऐनको दफा २५ को उपदफा (१०) बमोजिमको म्याद गुज्रन गएमा एक पटकलाई बढीमा पन्ध्र दिन म्याद थाम्न पाउनेछ ।

३८. **मध्यस्थता समितिको निर्णयको कार्यान्वयन** :(१) मध्यस्थता समितिको निर्णय भएको सात दिनभित्रमा पक्षहरूले निर्णय कार्यान्वयन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै पक्षले तोकिएको समयमा निर्णयको कार्यान्वयन नगरेमा त्यस्तो निर्णयको कार्यान्वयनमा जिल्ला प्रशासन कार्यालय र अन्य निकायको सहयोग लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको कार्यालयले निर्णय कार्यान्वयन गर्ने सिलशिलामा सम्बन्धित पक्षको सम्पत्ति वा कारोबार रोक्का राख्न, त्यस्तो सम्पत्ति वा कारोबार रोक्का राखेकोमा फुकुवा गर्न लेखि पठाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम रोक्का वा फुकुवा गरिदिन अनुरोध भई आएमा सम्वन्धित मालपोत कार्यालय, बैंक वा वित्तीय संस्थाले त्यस्तो सम्पत्ति वा कारोबारको रोक्का वा फुकुवा गर्नु पर्नेछ ।

(५) मध्यस्थता सम्बन्धी बिषयमा यस ऐनमा उल्लेखित बिषयका हकमा यसै ऐन बमोजिम र अन्य बिषयका हकमा मध्यस्थता ऐन, २०५५ बमोजिम हुनेछ ।

## परिच्छेद ९
## विविध

३९. **बैकल्पिक ऊर्जालाई प्रोत्साहन**: पूर्वाधार सेवा सुविधाको निर्माण तथा विस्तारमा बैकल्पिक उर्जालाई प्रोत्साहन गरिनेछ ।

४० **गैर सरकारी तथा नीजि क्षेत्रबाट भएका पूर्वाधार विकास कार्यहरुको समन्वय गर्ने** :

४१. **फोहरमैला न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी कार्यहरु** :

४२. **वातावणीय प्रभाव मूल्याँकन सम्बन्धी व्यवस्था**:

४३ **जग्गा अधिग्रहण** : पूर्वाधार आयोजना निर्माण तथा विकासका लागि गाउँपालिका कार्यालयले आवश्यक जग्गा अधिग्रहण गर्न सक्नेछ ।

४४. **प्राविधिक अडिट गराउनु पर्ने** : यस ऐन बमोजिम निर्माण तथा सञ्चालन भएका पूर्वाधार संरचनाहरुको प्राविधिक अडिट (जाँच) गराउनु पर्दछ । यसको लागि गाउँपालिकाले आवश्यक

४५. **कारवाही चलाउने तथा दण्ड सजाय गर्ने अधिकारी** : (१) यस ऐन बमोजिम दण्ड सजाय गर्ने वा क्षतिपूर्ति भराउने अधिकार स्थानीय न्यायिक समितिलाई हुनेछ ।

(२) यस ऐन बमोजिम कारवाही तथा सजाय हुने मुद्दा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ ।

**४६. दण्ड सजाय** : (१) कसैले यस ऐनको बमोजिम कसुर गरेमा देहाय बमोजिमको सजाय हुनेछः

**४७. पुनरावेदन** : यस ऐनको दफा ४६ बमोजिम दिएको सजायमा चित्त नबुझ्ने पक्षले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

**४८. प्रचलित कानून बमोजिम हुने** : यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

**४९. नियम वनाउन सक्ने** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।

**५०. बचाऊः** यस ऐनको उद्देश्य तथा बिषयक्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्यहरु यसै ऐन वमोजिम भएको मानिनेछ ।

## अनुसूची (१)
## बिभिन्न दफासँग सम्बन्धित

(क) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

(ख) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, झोलुङ्गे पुल, पुल पुलेसा, सिंचाई र तटबन्द सम्बन्धी स्थानीय तहको गुरुयोजना तर्जुमा, निर्माण/स्तरोन्नतीको आयोजना पहिचान, अध्ययन, कार्यान्वयवन, मर्मत सम्भार र नियमन

(ग) स्थानीय स्तरमा ट्रली बस, ट्राम जस्ता मध्यम स्तरका मास ट्रान्जिट प्रणालीको नीति, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

(घ) राष्ट्रिय रेल पूर्वाधारको उपयोग गरी महानगरीय (मेट्रोसिटी) क्षेत्रभित्र शहरी रेल सेवा संचालन, व्यवस्थापन, मर्मत सम्भार, समन्वय, सहकार्य

(ङ) स्थानीय स्तरमा यातायात सुरक्षा व्यवस्थापन र नियमन

(च) स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयवन र नियमन

(छ) खानेपानी महशुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन सम्बन्धी

(ज) साना जलविद्युत आयोजना सम्बन्धी स्थानीय स्तरको नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयवन र नियमन

(ट) स्थानीय खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा सम्बन्धी नीति, कानून, मापदण्ड र योजना, कार्यान्वयवन र नियमन

(ठ) स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, संचालन र नियमन

(ड) स्थानीय साना सतह तथा भूमिगत सिंचाई प्रणालीको संचालनर र मर्मत सम्भार, सेवा शुल्क निर्धारण र संकलन व्यवस्थापन

(ढ) स्थानीय तटबन्द नदी पहिरो नियन्त्रण तथा नदी व्यवस्थापन र नियमन

(ण) स्थानीय स्तरमा वैकल्पिक उर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयवन र नियमन

(त) स्थानीय स्तरमा वैकल्पिक उर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धी तथा प्रवर्द्धन

आज्ञाले
धर्मेन्द्र शाह
निमित्त प्रमुख प्रशासकीय अधिकृत
नरहरिनाथ गाउँपालिकाको कार्यालय
कुमालगाउँ कालीकोट

मुद्रित मूल्य रू.१०।-